खुम्बु पासाङल्हामु गाउँपालिका
Khumbu Pasanglhamu Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय, चौरीखर्क, सोलुखुम्बु, कोशी प्रदेश, नेपाल
Office of the Rural Municipal Executive, Chaurikharka, Solukhumbu, Koshi Province, Nepal

प.सं. ०८०/०८१

मिति: २०८१/०३/३१

सूचना नं. ३७

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको परिचय पत्र नवीकरण सम्बन्धी अत्यन्त जरुरी सूचना।**

**(प्रथम पटक प्रकाशित मिति २०८१ असार ३१ गते)**

यस खुम्बु पासाङल्हामु गाउँपालिका अन्तर्गत आर्थिक वर्ष ०८०/०८१ मा नाम दर्ता गराई नियमित रुपमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्दै आउनुभएका ज्येष्ठ नागरिक, एकल महिला, बिधुवा, ज्येष्ठ नागरिक दलित, अतिअशक्त अपाङ्गता, पूर्ण अपाङ्गता र बाल पोषण भत्ता आदि लिदै आउनुभएका लाभग्राहीहरुले सामाजिक सुरक्षा भत्ता (पहिलो संशोधन) नियमावली, २०७७ को नियम ९ तथा सामाजिक सुरक्षा वितरण कार्यविधि, २०७७ को दफा ४ अनुसारआगामी आर्थिक वर्ष २०८१/८२ का लागि सामाजिक सुरक्षा भत्ता परिचयपत्र नवीकरण गर्नुपर्ने भएको हुँदा आफ्नो वडा कार्यालयमा गई २०८१ साल साउन १ गतेदेखि भाद्र मसान्तभित्रमा नवीकरण गर्नु गराउनु हुन यसै सूचना मार्फत जानकारी गराईन्छ। नवीकरण अवधि भित्रमा नवीकरण गर्न नआई छुट भएमा लाभग्राही स्वयम् आफै जिम्मेवार हुने र नवीकरण अवधि समाप्त भए पश्चात प्राप्त निवेदन उपर कुनै पनि काम कारवाही नगरिने र पुन निवेदन दिनुपर्ने भएको हुँदा समयभित्रै नवीकरण गर्नु गराउनुहुन समेत सूचित गरिन्छ ।साथै २०८१/१०/०१ बाट बायोमेट्रिक भेरिफिकेशन अनिवार्य रुपमा लागू हुने भएकोले राष्ट्रिय परिचयपत्र नम्बर भएका व्यक्तिहरुले नविकरणको समयमा नम्बर उपलब्ध गरिदिनु हुन अनुरोध छ ।

**नवीकरण गर्न आवश्यक कागजातहरु :-**

१. सामाजिक सुरक्षा भत्ता परिचय पत्र

२. तोकिएको ढाँचाको निवेदन

३. नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

४. बालवालिकाको हकमा जन्मदर्ताको प्रतिलिपि साथै संरक्षकको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,

५. सम्वन्ध विच्छेद गरि अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्धविच्छेद दर्ता प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको प्रमाण,

६. विधुवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको वडाको सिफारिस,

७. न्यायिकपृथकीकरण गरी वसेकी महिलाको हकमा अदालतको न्यायिक पृथकीकरण भएको प्रमाण,

९. अपाङ्गता भएको व्यक्तिको हकमा गाउँपालिकाबाट जारि भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि (साबिकको महिला तथा बालवालिका कार्यालय वा गाविसले बनाएको अपाङ्गता परिचयपत्र मान्य हुनेछैन)

१०. पासपोर्ट साइजको फोटो २ प्रती।

पुनश्च :- समयमै नवीकरणका लागि निवेदन पेश नगर्ने लाभग्राहीको लगतकट्टा भई सामाजिक सुरक्ष भत्ता प्राप्त नहुने व्यहोरा समेत सूचित गरिन्छ।

थप जनाकारीको लागि

एम.आई.एस .अपरेटर डोल्मा शेर्पा ९८६३८६५०६२

फिल्ड सहायक दावा गेल्जेन शेर्पा ९८६१२९९११०

सुजन कुमार बुढाथोकी
(प्रशासकीय अधिकृत)

Email: ito.khumbupasanglhamumun@gmail.com, info@khumbupasanglhamumun.gov.np
Phone: +97738590046